# Merolagani

https://merolagani.com/NewsDetail.aspx?newsID=92263&fbclid=IwAR3j80cKTnuIvWnckFqrEkWD5IdoZo6Hk_-Co5qfhUNyk0mTl1y5BiwBdrI

## 'ग्लोकल टिन हिरो नेपाल २०२३' को नवौं संस्करणको लागि आवेदन खुल्ला

Jun 01, 2023 05:31 PM Merolagani

गोल्छा ग्रुपद्वारा प्रस्तुत 'ग्लोकल टिन हिरो नेपाल २०२३' को नवौं संस्करणको लागि आवेदन खुलेको छ। यस वर्षको 'ग्लोकल टिन हिरो नेपाल' सेप्टेम्बर १, २०२३मा हुने अवार्ड कार्यक्रम र सम्मेलन मार्फत घोषणा गरिने भएको छ ।










ग्लोकल टिन हिरो, ग्लोकल प्रा.ली.को एक कार्यक्रम हो जहाँ किशोर किशोरीहरुमा भएको प्रेरणा र उत्साहलाई प्रस्फुटन गरी उनीहरुले समाजमा गरेको प्रभावकारी कार्यलाई कदर र अरु माझ चिनाउने कार्य गरिन्छ। ग्लोकल टिन हिरो एक यस्तो प्लेटफर्म हो जसले किशोर किशोरीहरुको कार्यहरुलाई पहिचान मात्र नगरी उनीहरुको प्रतिभा उजागर गर्न पनि मद्दत गर्दछ।

ग्लोकल टिन हिरो नेपाल सेप्टेम्बर १, २०२३मा आयोजना गरिने भएको छ। ग्लोकल टिन हिरो फेसबुक पेज र बिभिन्न मिडिया टेलिभिजन मार्फत यो लाइभ स्ट्रिम पनि हुनेछ।

समाजसेवा, पत्रकारिता, रोबोटिक्स, कम्प्युटर प्रोग्रम्मिंग, उद्यमशीलता एवं सामाजिक चेतना, वातावरण संरक्षण, सामाजिक रुपान्तरनका कार्यहरु लगयता बिभिन्न अन्य क्षेत्रमा आफ्नो कौशलता दर्साएका प्रतिभावान किशोर किशोरीहरुले https://glocalteenhero.com/nepal मार्फत निशुल्क आवेदन भर्न सक्नेछन्। यस बाहेक, चिनेका किशोर किशोरीहरूलाई मनोनयन पनि गर्न सकिनेछ। कम्पनीले पूर्वदेखि पश्चिमसम्म नेपालका विभिन्न ६२ सहरहरूमा किशोरकिशोरीहरूसँग अन्तरक्रिया गर्नेछ।




Popular News
More




हिमालयन डिष्टिलरीको लाभांश घोषणा, साधारण सभा कहिले?

Dec 04, 2023 09:57 AM

हिमालयन डिष्टिलरी लिमिटेड (HDL) ले गत आर्थिक वर्षको मुनाफाबाट शेयरधनीहरुलाई वितरण गर्ने लाभांश घोषणा गरेको छ। कम्पनीले हाल कायम चुक्ता पूँजीको २५ प्रतिशतका दरले लाभांश वितरण गर्ने घोषणा गरेको हो।



आत्मदाहको चेतावनीसहित एक ऋणीले लेखे इन्भेष्टमेण्ट मेगा बैंकका अध्यक्ष र सिइओलाई पत्र

Dec 05, 2023 06:18 PM

https://merolagani.com/NewsDetail.aspx?newsID=94479

# ग्लोकल टीन हिरो नेपाल अन्तर्गत, ग्लोकल २० अन्डर २० को सूची सार्वजनिक

Aug 16, 2023 04:11 PM Merolagani

ग्लोकल टीन हिरो नेपाल नवौं संस्करणमा आवेदन दिने प्रतिभावान किशोरकिशोरीबाट उत्कृष्ट २० घोषणा गरिएको छ। आज ग्लोकल टीन हिरो किशोरकिशोरीहरूलाई समर्पित एउटा अवार्ड कार्यक्रम हो।











यो किशोरकिशोरीहरूलाई पहिचान गर्ने र उनीहरुको प्रभावकारी काम र युवा अग्रगामीहरूलाई प्रोत्साहन गर्ने एउटा पहल रहेको बताइएको छ । समाजमा रहेका प्रतिभाशाली किशोर किशोरीहरूको पहिचान र सम्मान गर्नु नै यस कार्यक्रमको उद्देश्य रहेको छ ।

देशभरिबाट आएको ६८१ आवेदनबाट मूल्याङ्कनको सम्पूर्ण प्रक्रिया मार्फत २०२३को लागि उनीहरूले उपलब्ध गराएको जानकारी, प्रभावकारी कार्य विवरणहरू र अन्तरवार्ताको आधारमा ग्लोकल २० अन्डर २० चयन गरिएको छ।

२०अन्डर२० किशोरकिशोरीहरुले संगीतकार, विज्ञान उत्साही, सामाजिक उद्यमी, स्वास्थ्य कार्यकर्ता, विज्ञान उत्साही, बाल अधिकारकर्मी, लेखक जस्ता विविध क्षेत्रमा काम गरेर सकारात्मक सन्देश प्रवाह गरिरहेका छन् ।

यस वर्षका उत्कृष्ट किशोर किशोरीको सूची यस प्रकार रहेको छ –

- आर्यन सिग्देल, १७, शिक्षक र अभियन्ता
- अतिथ अधिकारी, १७, सामाजिक उद्यमी
- अविनाश कुमार पासवान, १७, संगीतकार
- दिक्षा भारती, १८, स्वास्थ्य अभियन्ता
- दिवश सर्राफ, १७, सामाजिक अभियन्ता
- माधव खनाल, १८, लेखक
- निराजन रिमाल, १८, विज्ञान उत्साही
- प्रकाश बड्डु, १५, बाल अधिकारकर्मी
- प्रकाश पन्त, १७, गणित उत्साही
- प्रीति पन्थ, १८, सामाजिक अभियन्ता
- रौशन पंडित, १७, प्राविधिक उत्साही
- रिशम कुमार साह, १८, वातावरण अभियन्ता
- सदीक्षा घिमिरे, १८, स्वास्थ्य अभियन्ता
- सागर बुढा, १७, वातावरण अभियन्ता
- सागर गुप्ता, १७, एआई वैज्ञानिक/अनुसन्धानकर्ता
- समिप पौडेल, १६, प्राविधिक उत्साही
- श्रुति तिवारी, १८, वातावरण अभियन्ता






Popular News More




हिमालयन डिष्टिलरीको लाभांश घोषणा, साधारण सभा कहिले?

Dec 04, 2023 02:57 AM

हिमालयन डिष्टिलरी लिमिटेड (HDL) ले गत आर्थिक वर्षको मुनाफाबाट शेयरधनीहरुलाई वितरण गर्ने लाभांश घोषणा गरेको छ। कम्पनीले हाल कायम चुक्ता पूँजीको २५ प्रतिशतका दरले लाभांश वितरण गर्ने घोषणा गरेको हो।



आत्मदाहको चेतावनीसहित एक ऋणीले लेखे इन्भेष्टमेण्ट मेगा बैंकका अध्यक्ष र सिइओलाई पत्र

Dec 05, 2023 08:18 PM




लाभांश प्रस्ताव पारित गर्न निफ्राले बोलायो साधारण सभा

Dec 01, 2023 08:16 AM



तारागाउँ रिजेन्सी होटलले घोषणा गर्यो लाभांश, बोनस र